# गुजरा नगरपालिका

## स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०८०

**नगरसभावाट पारित मिति २०८०।०९।०८**

**प्रमाणिकरण मिति २०८०।०९।१२**

**प्रस्तावना:**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गुजरा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न वाञ्छनिय भएकोले,

स्थानीय राजपत्र प्रकाशन गर्ने नीति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्वन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र विक्री वितरणको प्रबन्ध गर्न गुजरा नगरपालिकाको नगरसभाले स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०८० स्वीकृत गरी लागु गरेको छ ।

भाग( १

प्रारम्भिक

1. कार्यविधिको नाम:

(१) यस कार्यविधिको नाम स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागु हुनेछ ।

2. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) "नगरपालिका" भन्नाले गुजरा नगरपालिकालाई सम्झनुपर्छ ।

(२) "नगरसभा" भन्नाले गुजरा नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(३) "नगर प्रमुख" भन्नाले गुजरा नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(४) "नगर उपप्रमुख" भन्नाले गुजरा नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

सन्तलाल प्रसाद चौधरी
नगर सभा अध्यक्ष

(५) "कार्यपालिका" भन्नाले गुजरा नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गुजरा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(७) "कानून" भन्नाले नेपालको संविधान वमोजिम संघिय संसद, प्रदेश संसदले पारित गरको ऐनहरु, गुजरा नगरपालिकाको नगरसभाले पारित गरेको ऐन कानून र अध्यादेश समेतलाई सम्झनुपर्छ ।

(८) "अध्यादेश" भन्नाले गुजरा नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न तत्काल ऐन आवश्यक परेको तर नगरसभा तत्काल हुन नसक्ने अवस्थामा कार्यपालिकाले अध्यादेशको रुपमा जारी गरेको तथा गर्ने ऐनलाइ सम्झनुपर्छ ।

(९) "नियम, कार्यविधि" भन्नाले नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पूरा गर्न स्थानीय सरकार संञ्चालन ऐन २०७४ तथा उक्त ऐन र नगरसभाले पारित गरेको ऐनको अधिनमा रही कार्यपालिकाबाट जारी भएको नियम, नियमावली, कार्यविधि निर्देशिका लगायतलाई सम्झनुपर्छ ।

(१०) "स्थानीय राजपत्र" भन्नाले नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पूरा गर्न नगरसभा र नगर कार्यपालिकाले पारित गरी सरोकारवाला तथा नगरवासीलाई जानकारी गराउने आधिकारिक सुचना पत्रलाई सम्झनुपर्छ ।

(११) "स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी" भन्नाले स्थानीय राजपत्र प्रकाशन गर्न तोकिएको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

## भाग- २

## स्थानीय राजपत्रको भाग र ढाँचा

3. स्थानीय राजपत्रको भागहरु :

स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची १ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

4. स्थानीय राजपत्रको ढाँचाः

स्थानीय राजपत्रको ढाँचा अनचिुसू २ मा उल्लेख भए बमोजिम हुनेछ ।

5. खण्डको व्यवस्थाः स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्षको आधारमा गरिनेछ । (उदाहरणका लागि २०८० सालमा प्रकाशन भएको राजपत्रलाई खण्ड १, २०८१ सालमा



गुजरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिमराभवानीपुर, रौतहट मधेश प्रदेश, नेपाल

सन्तलाल प्रसाद चौधरी
नगर सभा अध्यक्ष

प्रकाशन भएको राजपत्रलाई खण्ड २ गरी क्रमशः जति वर्ष भयो त्यति नै खण्ड उल्लेख गरी प्रकाशन गरिने छ ।

6. स्थानीय राजपत्रको संख्या:

(१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली वर्षलाई आधार मानी सो वर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को वर्ष शुरु भएपछि नयाँ संख्या बाट शुरु गरिनेछ । प्रत्येक पटक प्रकाशित राजपत्रको संख्या थप हुनेछ ।

7. स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामाग्री:

स्थानीय राजपत्र प्रकाशन गर्दा विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै नगरसभाबाट पारित भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, प्रंस्ताव, मापदण्ड भए भाग १ उल्लेख गर्ने र त्यसपछि प्रकाशन सामाग्री (नगरसभाबाट पारित भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, प्रस्ताव, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म र कार्यपालिकाबाट पारित भएको भए भाग २ उल्लेख गर्ने र त्यसपछि प्रकाशन सामाग्री (कार्यपालिकाबाट पारित भएका नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तथा सार्वजनिक गर्नुपर्ने निर्णय प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

8. स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी:

स्थानीय राजपत्र गुजरा नगरपालिकाको नगर प्रमुख वा निजको आज्ञापालक प्रमुख प्रशासकीय अधिकृतबाट प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गुजरा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखिएको हुनेछ ।

## भाग- ३

## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

9. स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारी:

(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरणसहित जिम्मेवारी तोक्नेछ । यसरी नतोकिएको अवस्थामा सूचना शाखाले सो जिम्मेवारी वहन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

सन्तलाल प्रसाद चौधरी
नगर सभा अध्यक्ष

Scanned with CamScanner

10. प्रकाशन पूर्व सम्पादन गर्नु पर्ने :

(१) प्रकाशन हुने सामाग्री नगर कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाईबाट सम्पादन गरिनेछ । नगर कार्यपालिकाले नतोकेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले सम्पादन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

11. स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन :

(१) प्रमाणीकरण भई आएका सामाग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामाग्रीको सिलसिलेवार संख्या खुलाई अध्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गर्नेछ ।

12. नि:शुल्क रुपमा उपलब्ध गराउनु पर्ने:

नगरपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा नि:शुल्क रुपमा उपलब्ध गराउनेछ:

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्वन्धित स्थानीय विभाग/महाशाखा/शाखा,

(ङ) नगरपालिकाका प्रत्येक वडा कार्यालय र

(च) नगरपालिकाका अन्य कार्यालय एवं सरकारी निकायहरु

13. वेभ साइटबाट सार्वजनिक गनुपर्ने :

नगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई नगरपालिकाको वेव साइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

सन्तलाल प्रसाद चौधरी
नगर सभा अध्यक्ष



Scanned with CamScanner

14. बिक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य :

(१) प्रकाशित स्थानीय राजपत्र नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द तथा तोकिएको शाखा वा एकाइ मार्फत बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

(क) वार्षिक सदस्य बनाई बिक्री गर्दा नगरपालिकाबाट बुझिलिने गरी वार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा वार्षिक रु. ५००/ (पाँच सय मात्र)

(ख) खुद्रा बिक्री गर्दा स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ५ पेजसम्म एक प्रतिको रु. ५ मात्र
- ६ देखि १० पेजसम्म एक प्रतिको रु. १० मात्र
- ११ देखि २० पेजसम्म एक प्रतिको रु. २० मात्र
- २१ देखि ३० पेजसम्म एक प्रतिको रु. ३० मात्र
- ३१ देखि ४० पेजसम्म एक प्रतिको रु. ४० मात्र
- ४१ देखि ५० पेजसम्म एक प्रतिको रु. ५० मात्र
- ५१ देखि ६० पेजसम्म एक प्रतिको रु. ६० मात्र ।
- ६१ देखि माथि जति पेज छ प्रति पेज थप रु. १ का दरले थप शुल्क लिइनेछ ।

15. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :

स्थानीय राजपत्र बिक्री वापत प्राप्त राजश्व नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

16. कार्यविधिको व्याख्या :

यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

17. बचाऊः

यो कार्यविधि लागू हुनुभन्दा अगावै नगरपालिकाले पारित गरी लागू गरेका कानून, ऐन, नियम निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

नगर कार्यपालिकाको कार्यालय, सिमराभवानीपुर, मधेश प्रदेश, नेपाल

सन्तलाल प्रसाद चौधरी
नगर सभा अध्यक्ष



Scanned with CamScanner

अनुसूचि १

(दफा ३ सँग सम्बन्धित)

# स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

## भाग- १

यस भागमा नगरसभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा सभाका निर्णयहरु प्रकाशन गरिनेछ ।

## भाग- २

यस भागमा नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

सन्तलाल प्रसाद चौधरी
नगर सभा अध्यक्ष



Scanned with CamScanner

अनुसूचि- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्वन्धित)

## गुजरा नगरपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः... | संख्याः... | मितिः ..../..../.. |

भाग- १

गुजरा नगरपालिका

(ऐन, नियम, कार्यविधि, निर्देशिका तथा सभाले बनाएको नियम वा निर्णयको सम्पूर्ण व्यहोरा)

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

सन्तलाल प्रसाद चौधरी
नगर सभा अध्यक्ष



Scanned with CamScanner

अनुसूची २

(दफा ४ तथा अनसूची- १ को भाग- २ सँग सम्बन्धित)

# गुजरा नगरपालिका

## स्थानीय राजपत्र

| खण्डः.. | संख्याः ... | मितिः ..../..../.... |
|---|---|---|

भाग–२

गुजरा नगरपालिका

नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसाग भएको सम्झौताको व्यहोरा

आज्ञले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

सन्तलाल प्रसाद चौधरी
नगर सभा अध्यक्ष

Scanned with CamScanner